# न्यायको भीख माग्दैछिन् सानुमाया

*विकास भट्टराइ*

तनहुँ मिर्लुङ गाविस(२ की सानुमाया सुनारले यतिबेला न त आफ्ना बाबुआमाको संरक्षण पाएकी छिन् न त आफ्नो लोग्नेको मायाममता नै । ती दुवैको अभावमा आफ्नो ३ वर्षे छोरासमेत गुमाई सानुमाया बेसहारा भई बाँच्ने एक मात्र उद्देश्य लिई भौंतारिरहेकी छिन् । बाँच्नका लागि कहिले होटलमा भाँडा माझ्ने त कहिले बिस्कुट कारखानामा काम गर्दा पनि हेपिएकी सानुमाया भन्छिन्( म अहिले पनि लोग्नेको प्रतीक्षामा छु । ऊ मेरो माया सम्झिएर आउँछ कि भनेर ।
उनका लोग्ने राम श्रेष्ठ भने सानुमायालाई मायाजालमा फसाई गर्भवती गराई हालसम्म बेपत्ता भएको छ । राम श्रेष्ठ चार वर्षदेखि आफ्नो घर गएको छैन । जबदेखि सानुमाया गर्भवती भएको थाहा भयो, तबदेखि ऊ बेपत्ता भएको छ । रामकै गर्भबाट सानुमायाले छोरा पनि जन्माइन्, तर उचित स्याहारसुसारको अभावमा तीन वर्ष पुगिसकेको छोरा मर्‍यो ।
विवाह हुनुभन्दाअघि नै गर्भवती भएकी भनी सानुमायालाई गाउँका ठूलाबडालगायत सबैले नराम्रो दृष्टिले हेरेका छन् । यतिसम्म कि उनी बाटोमा हिँड्दा कतिपयले ढुंगाले हिर्काउँछन् । यस्ता यावत् दुःखबाट बची उनी बाँच्ने सहारा खोज्दैछिन् । समाजबाट हेपिएपछि र बाँच्ने सहारा खोज्ने क्रममा उनी बुटवल पुगिन् । त्यहाँ उनले दुई महिना एउटा होटलमा भाँडा माझिन् । त्यसपछि दुई महिना बिस्कुट कारखानामा काम गरिन् । त्यहाँ पनि उस्तै । सबैको कुदृष्टिले गर्दा जतिसुकै हेपिए पनि घरमा नै आएर बस्ने निधो गरिन् र आफ्नै पुर्ख्यौली घर फर्किन् ।
'छोरा गएको १५ दिन पुगेको थिएन । त्यस्तो पीर हुँदाहुँदै पनि गाउँलेको अपमान सहन नसकी बुटवल गएँ । त्यहाँ पनि अपहेलना र अनेक हन्डर खानुपरेकोले जतिसुकै पीडा भए पनि आफ्नै घरगाउँमा बस्न आएकी छु ।' सानुमायाले आफ्नो दुःखेसो पोखिन् ।

सानुमायाकी आमा उनी ७ वर्षकी हुँदा परलोक भएकी हुन् । उनका बाबुले त्यसपछि अर्कै विवाह गरी सानुमायासहित एकै परिवार भई बसेका थिए । सानुमाया २४ वर्ष पुग्दासमेत विवाह हुन नसकेपछि उनी आफैंले केटा खोजी विवाह गर्ने निधो गरिन् । संयोगबस उनले गाउँकै नेवार जातिको केटा (राम श्रेष्ठ) फेला पारिन् । मलाई उसले निकै माया गर्न थाल्यो । विवाह गरी अनेक सुख दिने वाचासमेत दिएको थियो । सुरुमा मलाई उसको माया नक्कली हो कि जस्तो पनि लागेको थियो तर उसको मायामा लनि थालेपछि सम्पूर्ण सुम्पिदिएँ( सानुमाया खुलस्त हुँदै गइन्( हामी लोग्ने(स्वास्नीजस्तै भएर बस्न थालेको थियौं । पछि म गर्भवती भएको थाहा पाएपछि ऊ भाग्यो । अहिले चार वर्ष पुग्न लाग्यो ऊ कहाँ छ अत्तोपत्तो छैन ।
सानुमाया गर्भवती भएको थाहा पाएपछि उनका बाबु र सौतेनी आमाले उनलाई घरबाट निकालिदिए । त्यसपछि उनी गाउँकै एक व्यक्तिको गोठमा बस्दै आएकी छिन् । बुटवलबाट फर्किएर आएपछि पनि उनी अहिले त्यही गोठमा नै बसेकी छिन् । यसबीचमा उनले केटा फरार भए पनि उसकै घरमा बुहारीको रूपमा बस्ने दृढ निश्चय गरी त्यहाँ गएर एक रात पिंढीमा बसेकी थिइन् । रामकी आमाले उनलाई लखेट्न धेरै प्रयास गरिन्, तर नमानेपछि रामकी आमा नै आफ्नो छोरासँगै फरार भएकी छिन् । अहिले त्यो घरमा ताल्चा मारिएको छ । घरमा कोही नभएपछि सानुमाया पनि पुनः त्यही गोठमा बस्दै आएकी छिन् ।

सानुमायालाई समाजका प्रायःजसोले घृणा गरे पनि माया गर्नेहरू पनि देखिएका छन् । उनी गर्भवती भएको थाहा पाएपछि आमा समूहको सक्रियतामा रामलाई नै सानुमाया सुम्पन्न धेरै पहल भएको थियो । आमा समूहकी अध्यक्ष मधुमाया ढकाल भन्छिन्( रामको कुकृत्य थाहा पाएपछि हामीले उसलाई समात्न धेरै प्रयास गर्‍यौं । ऊ बिहान सबेरै उठेर भाग्दोरहेछ । राति अबेर मात्र घरमा आएर सुत्थ्यो । पछि ऊ एकाएक कता भाग्यो, पत्तै भएन । ऊ नभए पनि सानुमायालाई रामको घरमा पठायौं, त्यसपछि उसकी आमा पनि भागी ।
सानुमायाले अझै पनि आफ्नो लोग्ने आउने आशा भने छोडेकी छैनन् । तर त्यो आशामा शंका गर्दै उनी भन्छिन्( यत्तिका दिन नआएको त्यो मान्छे अब आउला भन्ने आशा बेलाबेलामा चुँडिन्छ ।
उनले रामलाई आफ्नो लोग्ने कायम गराउन कानुनी उपचारका लागि लड्ने विचार गरेकी छिन्, तर त्यसका लागि पर्ने खर्च र उपयुक्त रायसल्लाहको अभावमा विगत ३ वर्षदेखि अलपत्र परेकी छिन् । के गर्ने, खर्चको अभावमा हामीले पनि उसका लागि केही गर्न सकिएन, मुद्दा हाल्ने रायसल्लाह त दिएका हौं, प्रक्रिया नै नबुझेर र लाग्ने खर्चको अभावमा ऊ अलपत्र भएर बसिरहेकी छे( आमा समूहकी अध्यक्ष मधुमाया भन्छिन् ।

सानुमायाले कसरी न्याय पाउँछिन् त ? यस प्रश्नको जवाफ दिँदै अधिवक्ता भीमार्जुन आचार्य भन्नुहुन्छ( सानुमायाले न्याय पाउन नाता कायम गराउन माग गर्दै जिल्ला अदालतमा फिरादपत्र दर्ता गराउनुपर्छ । सोसँगै मानाचामलका लागि पनि फिराद दर्ता गराउन सकिन्छ ।
अधिवक्ता आचार्यले सानुमायाले राम आफ्नो लोग्ने हो भन्ने कुनै एउटा सानो प्रमाण पेश गरे पनि अदालतले सकारात्मक रूपमा हेर्न सक्ने बताउनुभयो ।
अर्का कानुनविद् ललितबहादुर बस्नेत भन्नुहुन्छ( यदि निस्वार्थ रूपमा काम गर्ने कुनै महिलाको हकहितका लागि भनी खोलिएको गैरसरकारी संस्था छ भने उसले पीडित महिलाको घरमा नै गएर सहयोग गर्न सक्नुपर्छ । सानुमायाको हकमा पनि त्यसै गर्न उपयुक्त हुन्छ ।

सानुमायालाई कानुनी उपचारका लागि अदालतमा रहने वैतनिक कानुन व्यवसायीले सहयोग गर्न सक्ने कानुनविद्हरूले राय छ । अधिवक्ता आचार्य भन्नुहुन्छ( प्रत्येक अदालतमा वैतनिक कानुन व्यवसायी भनेर राख्ने प्रचलन छ । उनीहरूले पीडितहरूको तर्फबाट निःशुल्क बहस गर्नेछन् । त्यस्तै नेपाल बार एसोसिएसनमा पनि कानुनी सहायता परियोजना छ । त्यसले पसि सहयोग गर्न सक्छ । तर, सानुमायाको यहाँसम्म आएर यो सुविधा लिन सक्ने अवस्था भएको भए उनको यो अवस्था हुने नै थिएन । गाउँका यस्ता असहाय महिलालाई न्यायको ढोकासम्म पुऱ्याउनका लागि सम्बन्धित निकायले सर्वसुलभ न्यायका लागि केही सोच्नैपर्छ । यसो भएन भने सानुमायाजस्तालाई न्याय आकाशको फल आँखा तरी मर भन्नु सिवाय केही हुने छैन ।

## असहाय र अपांगको सहारा बनेकी दीक्षा

*सोमराज पोखरेल*

पर्वतकी विष्णुकुमारी रेग्मीले भविष्यमा योग्यताअनुसारको काम पाउने आशामा आधारभूत कम्प्युटर तालिम लिइरहेकी छिन् । विष्णुकमारी स्वर्गीय प्रहरी नायव निरीक्षक सूर्यबहादुर रेग्मीकी विधवा हुन् । सूर्यबहादुरको गत माघ १२ गते माओवादीको आक्रमणमा परी निधन भएपछि छोराछोरी हुर्काउने जिम्मा उनको काँधमा आइपरेको छ । गीता अधिकारी पनि विधवा नै हुन् र उनी पनि आधारभूत कम्प्युटर तालिम लिइरहेकी छिन् । शाही नेपाली सेनामा कार्यरत पतिको अकस्मात निधन भएपछि गीता काठमाडौं छिरेकी हुन् । त्यस्तै, गुल्मी घर बताउने विष्णुमाया थापा दिनको दुई घन्टा कम्प्युटर सिक्नमा व्यस्त रहन्छिन् । अपांग भएकाले गाउँमा तिरस्कृत हुनुपरेपछि आफ्नै काकाका साथ लागेर उनी राजधानी पसेको बताउँछिन् । गोरखा नारेश्वरटारका अपांग रमेश तिवारीले पनि आजको जमानामा कम्प्युटर सिक्नैपर्ने रहेछ भन्ने सोचेर तालिम लिन थालेका हुन् ।

विष्णुकुमारी, गीता, विष्णुमाया र रमेशले आफूहरूसँग प्रशस्त पैसा भएर तालिम लिन सुरु गरेका होइनन् । उनीहरू सबैले हाल निःशुल्क कम्प्युटर तालिम लिइरहेका छन् र त्यो अवसर उनीहरूलाई पवित्र समाज नेपाल नामक संस्थाले उपलब्ध गराएको छ ।

द्वन्द्वपीडित, विधवा, अपांग, असहाय व्यक्तिहरूलाई सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको सो संस्थामार्फत् १४ जना विधवा, ३३ जना अपांग, असहाय बालबालिका, अर्काको घरमा नोकर बसेका बालबालिका र अन्य गरी ७६ जनाले तालिम लिइरहेका छन् ।

सेवा गर्न मन र भावना भए पुग्छ, सम्पत्ति नै प्रमुख कुरा होइन भन्ने फराकिलो विचार लिएर पवित्र समाज नेपाल संस्थाको दर्ता गराएर पवित्र कार्यको सुरुवात गर्ने महिला हुन्( दीक्षा चापागाईं । उनी सो संस्थाका संस्थापक अध्यक्ष हुन् । २६ वर्षअघि ताप्लेजुङ जिल्लाको फूलबारी गाविसमा किसान बाबुआमाका पाँच छोराछोरीमध्येकी जेठी छोरी दीक्षाले घरबाट तीन घन्टा हिँडेर स्कुले शिक्षा लिएकी थिइन् । तेह्रथुम क्याम्पसबाट मानविकी संकायमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेकी दीक्षा क्याम्पसमा प्रथम भएपछि पाएको १० हजार रुपैयाँ बोकेर ६ वर्षअघि काठमाडौं छिरेकी थिइन् । काठमाडौं आउनुअघि गाडी, टेलिफोनसम्म नदेखे पनि त्रिचन्द्र कलेजबाट स्नातक पढ्दै गर्दा कम्प्युटरमा डिप्लोमा गरिन् । दुई वर्षजति आधारभूत कोर्सहरू पढाइन् पनि । जागिर खाने कि नखाने भनी दोधारमा परेका बेला नेपालमा गैरसरकारी संस्थाहरूको बाढी आएको, मिच्नेले मिचिराखेको र ठूलाबडा ठूलै भएको तर अबला, अपांगहरूको दुःख जस्ताको तस्तै पाएपछि सहयोग गर्न यो संस्थाको दर्ता गरेकी थिइन् । गत साउनदेखि बागबजारमा सातवटा कम्प्युटर र एक इन्स्टिच्युट भाडामा लिएर ४५ जनाबाट तालिम दिन सुरु गरेकी थिइन् ।

धार्मिक, राजनीतिक, सांस्कृतिकलगायतका एक हजारभन्दा बढी पुस्तक पढेर जीवन के हो भनेर चिनेकी दीक्षाले आफ्नो जीवनमा दुःखबाहेक केही पाएकी छैनन् । जसको साथ लागेर भविष्य बन्ला भनेकी थिएँ, तिनीहरू ढोंगी निस्किए( दीक्षा भन्छिन्( समाजलाई मैले चिनें तर समाजले मलाई चिनेन । जीवनलाई कसरी सार्थकता दिन सकिन्छ भनेर समाजसेवाको बाटो अपनाएकी दीक्षाले मदर टेरेसा, फ्लोरेन्स नाइटिङ्गेल, अब्राहम लिंकनका जीवनीका बारेमा थुप्रै अध्ययन गरेपश्चात् मिलेको प्रेरणाबाट समाजसेवा गर्ने भावना उनमा जागेको बताउँछिन् । उनले बाटोमा भेटिने असहाय अपांगलाई कसरी उठाउने, तत्काल कहाँ लैजाने भन्नेबारे भारतको कोलकातास्थित मदर टेरेसाको मिसिनरिज अफ च्यारिटीबाटसमेत जानकारी लिएर आएकी छिन् ।

बाँच्नका लागि कसैको सहारा लिन नपर्ने बताउने दीक्षाको काममा उनका दुई भाइले पनि सहयोग गरिरहेका छन् । काठमाडौंकै पुतलीसडकमा रहेको सो कार्यालयको भाडा प्रतिमहिना २५ सय छ भने टेलिफोन खर्च, कार्यालय खर्च, कम्प्युटर मर्मत त छँदैछ । उनी कम्प्युटर हार्डवेयर टेक्निसियन पनि भएकाले अरूका कम्प्युटर मर्मत गरेर कमाएको छ/सात हजार रुपैयाँले आफ्नो परिवार र संस्था चलाएकी छिन् । आफ्नो जीवनको प्राप्ति नै यही संस्था भएको बताउने दीक्षालाई अन्य कुनै दातृसंस्था वा व्यक्तिले सहयोग गरेका छैनन् ।

उनलाई सघाउने नाममा केही व्यक्तिले यो संस्थाको अध्यक्ष पद छाडिदिने हो भने सबै सहयोग गर्न तयार रहेको भनी प्रस्ताव पनि नराखेका होइनन् । त्यस प्रस्तावलाई नकार्दै ‘आफ्नो जीवनको उद्देश्य यही भएपछि तपाईंहरूले सहयोग नगरे पनि फरक नपर्ने’ बताएकी थिइन् । उनी भन्छिन्( जब सहयोगमा स्वार्थी भावना लुकेको हुन्छ तब त्यो सहयोग हुँदैन, लगानी हुन्छ ।

सो तालिम लिन कम्तीमा आठ कक्षा पास गरेको हुनुपर्ने उनी बताउँछिन् । साथै जुन क्षेत्रबाट आएको हो, त्यसै क्षेत्रसँग सम्बन्धित चिठी बनाएर ल्याउनुपर्छ । नपढेका व्यक्तिहरू आएकाले छिट्टै सिलाइबुनाइ, अचार बनाउनेजस्ता तालिम पनि निःशुल्क प्रदान गर्ने दीक्षाले बताइन् ।
सशस्त्र प्रहरीको विद्यालय खुलेपछि योग्यताअनुसारको जागिर दिलाइदिने आश्वासन पाएकाले कम्प्युटरको तालिम लिन आएकी विष्णुकुमारी रेग्मी भन्छिन्( हामीजस्ता असहायलाई निःशुल्क तालिम दिएर पवित्र समाज नेपालले ठूलो सहयोग गरेको छ ।

गाउँकै विद्यालयमा पढाउँदापढाउँदै पतिवियोगबाट भौंतारिएकी गीता अधिकारी कम्प्युटर सिकेपछि सैनिक अस्पतालमा रिसेप्सनिस्टमा जागिर पाउने आश्वासन पाएको र निःशुल्क कम्प्युटर तालिम दिने संस्था खोज्दै गर्दा यो संस्था भेट्टाएको बताउँछिन् । चारजना छोराछोरी छन्, उनीहरूकै पालनपोषणका लागि पनि केही गर्नुपर्छ भन्ने भावनाले तालिम लिएको र यसले अवश्य सघाउने विश्वास गर्छिन्, उनी ।
अविवाहित दीक्षा पुरुषको साथबिना पनि महिलाले चाहेमा जे पनि गर्न सक्छन् भनी कठिन काम रोजेको बताउँछिन् । आफ्नो कामले समाजमा विद्यमान परिस्थितिलाई परिवर्तन गर्न अन्य महिलालाई प्रेरणा मिलोस् भन्ने उनको चाहना छ । गरिब, दुःखी एवं असहायको सहयोग गर्न अनुरोध गर्दै दीक्षा भन्छिन्( प्रत्येक व्यक्तिको बाँच्ने शैली जनावरको जस्तो छ, मानव बन्न सिकौं ।

## एकल महिलाको साहसिक प्रयास

*शशिधर भण्डारी*

पुल्चोकतिरबाट ओरालो झर्दा दायाँतिर रेवाज हैन्डलुम नेपाली कलेक्सन भन्ने साइनबोर्ड टाँसिएको एउटा सोरुम देख्नुहुनेछ । त्यहाँ नेपालीपनका सुती कपडाका थैलाहरू, भक्तपुरे आदिवासी नेवारहरूका पहिरनहरू देखिन्छन् । रेस्टुरेन्ट र होटलहरूमा काम लाग्ने विविध कपडाका आवश्यक सामग्रीहरू छन् । खद्दरका धोती, पटुका, ट्राउजर, कुर्ता(सलवार, हातेरूमाल मात्र होइन त्यहाँ अमेरिकासम्म पठाइने तयारी नेपाली पोसाकहरूसमेत तयार भइरहेका देखिन्छन् ।
त्यहाँबाट एउटा गल्लीको बाटो छिरेर बागमतीको किनारतिर छिर्नुभयो भने एउटा सानो तर व्यवस्थित कारखाना देख्नुहुनेछ । जहाँ १५ जनाजति विधवा महिलाले तानमा कपडा बुनिरहेका छन् । मेसिन चलाएर कपडा सिलाइरहेका छन् र कसैले भटाभट प्याकिङ गरिरहेका छन् । यो कारखानाको आयु सोध्नुभयो भने त्यसको उमेर दश महिना मात्रै छ । अझै एक वर्ष पुगेको छैन । तर, सो कारखानाको उन्नति आश्चर्यलाग्दो देखिन्छ ।

एकल महिलाहरूको पसिनाले यो कारखाना यसरी अगाडि बढेको छ तर यसको पृष्ठभूमि धेरै कारुणिक छ । जसले गर्दा पनि यो एकल महिलाहरूको प्रयासलाई कम साहसी मान्न सकिँदैन । आजभन्दा दुई वर्षअगाडि कुपण्डोलकी रेखा श्रेष्ठका श्रीमान् डा. ओके श्रेष्ठको हृदयघातले निधन भएको थियो । खाऊँलाऊँको लालुजीवनमाथि परेको त्यो बज्र प्रहारले रेखालाई घरको छाना खसेजस्तो लाग्यो । त्यो आफ्नो दुःखद् अतीततिर फर्कंदै सो कारखानाकी सञ्चालक रेखा श्रेष्ठ भन्छिन्( मलाई त्यतिबेला असाध्य असुरक्षित महसुस भयो । दुई भाइ छोराको भविष्य आफ्नो काँधमा आएको महसुस गरें । त्यसपछि मेरो जिन्दगीको त्यो दुःखद् क्षणलाई सिर्जनामा बदल्ने उपायहरूबारे सोच्न थालें । सोच्दासोच्दै रेखाले आजभन्दा दश महिना अगाडि दुईवटी अन्य विधवा महिलाको सहयोगले आफ्नै घरको आँगनमा पाल टाँगेर मेसिन राखेर कपडा सिलाउन सुरु गरिन् । त्यसपछि उनीजस्तै विधवा नारीहरू काममा थपिन थालेपछि यो संयोगलाई रेखा भगवान्को कृपा भनेर बताउँछिन् ।

सोही कारखानामा सिलाइबुनाइको काम गर्ने कुपण्डोलकै ३५ वर्षीया विधवा महिला मीना खड्का भन्छिन्( मेरो एउटा बच्चा छ, मन बुझाउने बाटो त्यति मात्र थियो अरू सबै बाटाहरू बन्द थिए । म २३ वर्षको कलिलो उमेरमा विधवा भएकी थिएँ, म पराधिन थिएँ, आत्मनिर्भर थिइनँ । त्यो मेरा लागि ठूलो पीडा थियो । बितेका केही महिनादेखि मेरो संगत मजस्तै धेरै महिलासँग भएको छ । एउटै शोकले छटपटाइएका महिलाहरू हामीसँगै बसेर काम गर्दा नयाँ संसार भेटेजस्तो लागेको छ । आफ्नो ज्यान आफैं पाल्न सकिने भइएको छ । कताकता दुःखमा पनि खुसी पलाएको छ ।
आजभन्दा २३ वर्ष अगाडि विधवा भएकी कैलालीकी अन्दाजी ५५ वर्षीया कोकिला लामिछानेले कलिलै उमेरमा विधवा भए पनि दायाँबायाँ नगरेर छोराछोरी हुर्काइन् । तर, उनी बूढेसकालमा सहाराविहीन हुन पुगिन् । कोकिला लामिछाने आफ्नो दुःख यसरी पोख्छिन्( श्रीमान्सँग विछोड भएपछि छोराछोरी हुर्काएँ, उनीहरूले आ(आफ्नो हातखुट्टा स्याहारे, त्यसपछि भौंतारिंदा भगवान्ले रेखा बहिनीसित भेट गराइदिए । सकेको काम गरेकी छु । आफूजस्तै दिदीबहिनी देख्दा आनन्द लाग्छ । कैलालीमा एउटा सानो पसल गरेकी थिएँ । त्यहाँभन्दा यहाँ काम गर्दा धेरै आनन्द मानेकी छु ।

सो कारखानामा यस्ता धेरै महिला छन्, यसको झण्डै शाखाकै रूपमा अर्को हाते तान भक्तपुरमा पनि छ, त्यहाँ पनि काम चलिनै रहेको छ । ती कारुणिक व्यथा बोकेका एकल महिलाहरूको सामूहिक परिश्रमले उत्पादन गर्ने सामान तयार नहुँदै माग आउँछ । रेवाज हेन्डलुम नेपाली कलेक्सनको खास परिचय यस्तो देखिन्छ ।
रेवाज हेन्डलुम कलेक्सन, स्वनिर्भर क्रियाकलापहरूको माध्यमबाट एक्लो जीवन बिताइरहेका विपन्न नेपाली महिलाहरूको

आत्मनिर्भरताका लागि समर्पित एकल महिलाहरूकै प्रयास हो । रेवाजले आफ्ना उद्देश्यहरू पूरा गर्नका लागि नेपाली हातेतानका कपडाहरू तयार गरेर बिक्री(वितरण गर्ने गर्दछ । यसको नाम र उद्देश्य देखाएजस्तै रेवाजले विभिन्न प्रकारका नेपाली हातेतानका सुती कपडाहरू तयार गर्ने गर्दछ । धेरैजसो यी कपडाहरू नेपाली महिलाहरूले उनीहरूको आफ्नै घरमा र रेवाजकै कारखानामा हातैले बुनेका हुन् ।
कपडाहरूको संकलनको अतिरिक्त रेवाजसँग निकै ठूलो मात्रामा निकै आकर्षक महिला र पुरुषहरूका लागि तयारी कपडाहरू, तन्ना, टेबुलपोस चकटीका खोलहरू र अन्य धेरै हातैले बुनेका कपडाहरू छन् । परम्परागत र आधुनिक दुवै शैलीका सुतीका कपडाहरूको संयोजन नै रेवाजको विशेषता हो । निकै समसामयिक डिजाइन दिनसक्नु यसको सबैभन्दा ठूलो विशेषता हो । कपडा र पोसाक मात्रै होइन रेवाजमा बनेका तन्ना, पर्दा, चकटीका खोलहरू पनि निकै खपाउ छन् भन्ने दाबी गर्छन् उपभोक्ता सुशील भट्टराई ।

आफ्नै उत्पादनका सुन्दर कपडाहरूको रंगिन वातावरण र मुस्कुराइरहेका महिलाहरूको साथमा रेवाज आफैंमा विभिन्न सामाजिक पृष्ठभूमि र अवस्थाका नेपाली महिलाहरूको एउटा सामूहिक भावना हो । त्यहाँ केही असाक्षर र विपन्न छन् भने केही शिक्षित र राम्रो सामाजिक अवस्थाका पनि छन् । तर पनि उनीहरू सबै एक अर्थमा समान छन् किनकि उनीहरू विधुवा वा एक्ला छन्, जसलाई हाम्रो समाजमा निकै दया देखाइन्छ वा निकै दयनीय र असहाय अवस्थामा बाँच्न बाध्य गराइन्छ । नेपाली समाजमा उनीहरू जुनसुकै सामाजिक अवस्थाको भए तापनि यही नै उनीहरूको नियति हो । अब केहीले त यस्तो अवस्थामा केही गर्न निधो पनि गरिसके र धेरै प्रकारका ससाना स्वावलम्बन कार्यक्रम सुरु गर्नका लागि संगठित हुन पनि सुरु गरिसके । यही हातेतानको कपडा उत्पादन पनि रेवाजको धेरै स्वावलम्बन कार्यक्रममध्ये एक हो ।
रेवाज जुन सुरुमा एकल महिलाको प्रयासको रूपमा आरम्भ भएको थियो, हाल यसले आफ्नो कार्यक्षेत्र विस्तृत पारेको हुनाले अन्य क्षेत्रका रेवाजको उद्देश्यलाई सघाउने र नेपाली विधवा महिलाहरूको अवस्थालाई माथि उठाउन इच्छुक महिलाहरूलाई पनि आफ्नो सदस्यको रूपमा समावेश गराइसकेको छ । रेवाजका सदस्यहरूले आफ्नो क्षमता र सीपअनुसार बुन्ने, डिजाइन मिलाउने, बजार मिलाउने, बेच्ने र नयाँलाई तालिम दिनेजस्ता धेरै प्रकारका क्रियाकलापमा समेत सहभागी भइरहेका छन् ।

## निरक्षर महिला पनि सहकारी चलाउँदैछन्

*माधव ढुङ्गेल*

निरक्षर महिलाले सहकारी संस्था चलाएको कुरो सुन्दा धेरैलाई पत्याउन पनि गाह्रो पर्ला । तर, खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट करिब साढे चार घण्टा उत्तरमा पर्ने पहाडी गाउँ जाल्पाका केही महिलाले सहकारी संस्था चलाएका छन् । आठ वर्षअघि प्रौढ शिक्षा पढ्ने महिलाहरूले प्रतिमहिना एक रुपैयाँका दरले समूह बचतबाट थालिएको अभियानले अहिले 'जनसेवा बचत तथा ऋण सहकारी संस्था' को रूप ग्रहण गरेको छ । अहिले सो सहकारीको वार्षिक कारोबार २४ लाख रुपैयाँबराबर पुगेको छ भने सो संस्थामा नौ लाख रुपैयाँभन्दा बढी निक्षेप संकलन भइसकेको कुरा संस्थाकी व्यवस्थापक अम्बिका राई बताउँछिन् ।

२०४८ सालमा जाल्पामा जनसेवा समाज नामक स्थानीय एक गैरसरकारी संस्थाले महिलाहरूका लागि अनौपचारिक शिक्षाको कक्षा सञ्चालन गरेको थियो । प्रत्येक समूहमा २५ देखि ३५ जनासम्मका १२ वटा समूहलाई त्यसबेला पढाइएको जनसेवा समाजका अध्यक्ष जयश्वर राई बताउँछन् । छ महिना अनौपचारिक शिक्षाको कक्षा चलाइएको थियो । एउटा समूहका महिलाले सुरुमा एक(एक रुपैयाँका दरले बचत गर्न थालेका थिए । दोस्रो महिनादेखि नै सो समूहले पाँच रुपैयाँ जम्मा गर्न थाल्यो भने बाँकी ११ समूहका महिलाले पनि त्यसपछि बचत गर्न थाले ।
सुरुमा छुट्टाछुट्टै जम्मा गरिएको थियो । तर, यसरी समूहसँग महिनाको करिब डेढ सय रुपैयाँ मात्र जम्मा भयो । त्यसैले पछि १२ वटै समूहको रकम एकै ठाउँमा जम्मा गर्ने व्यवस्था गरियो । र, कोषको सञ्चालनार्थ एउटा 'युनियन' बनाइयो । छ महिना अनौपचारिक कक्षा सञ्चालनपछि पनि पढाइलाई निरन्तरता दिन जनसेवा समाजले प्रत्येक सदस्यलाई महिनामा एउटा चिठी पठाउने र त्यसको लिखित जवाफ लेख्न लगाइन्थ्यो ।

बचत जम्मा गर्न थालेको केही वर्षमा नै ठूलो रकम जम्मा भयो, त्यसैले त्यहाँका शिक्षित व्यक्तिहरूले सहकारी गठन गर्ने सल्लाह दिए । त्यसपछि ती महिलालाई सहकारीसम्बन्धी प्रशिक्षण दिइयो । "हामीले विधान लेखिदियौं, दर्ता गर्न प्रोत्साहित गर्‍यौं", स्थानीय पूर्वसांसद टंक राई भन्छन्( "उहाँहरूले आफ्नै प्रयासमा दर्ता गराउनुभयो ।" यसरी नै प्रौढकक्षा पढेकी उर्मिला राईलाई उक्त सहकारी संस्थाका संस्थापक अध्यक्ष बनाइयो ।
अहिले जाल्पा, खार्मी र हौंचुर तीन गाविसका महिलाहरू यस्ता सहकारीका सदस्य भएका छन् । अहिले सो सहकारीका कारण त्यस क्षेत्रमा साहुसँग चर्को ब्याजमा ऋण लिन बन्द भएको छ । "पहिला साहुसँग महिनाको सयकडा पाँचका दरले ऋण लिन्थ्यौं", अजम्बरी बचत समूहकी सदस्य जाल्पाकी ४० वर्षीया चाउरी राई भन्छिन्, "मैले त्यहींबाट ऋण निकालेर भेडा, बंगुर र बाखा पालेकी छु । एकपटकमा पाँच हजारसम्म निकाल्छु ।" तीन वर्षअघि ऋण निकालेर बाखा किनेकी उनको खोरमा अहिले

आफ्नै बाखा छन्, लैनु भैंसी छ । "अस्ति भर्खर सुँगुर बेचेर छ हजार तिरें", उनी भन्छिन्( "सहकारीसँग म त एकदम खुसी छु, आफ्नै फाइदाका लागि त हो । तीनजना छोराछोरी बोर्डिङ स्कुल पढ्छन् । भाका नाघेपछि शुल्क लाग्छ, त्यसैले सकेसम्म भाका पनि नघाउँदिन ।"

कञ्चन बचत समूहकी सदस्य २२ वर्षीया पद्म विश्वकर्माले बचत गर्न थालेको दुई वर्ष भयो । पाँचजना सदस्य भएको सो समूहले मासिक प्रतिव्यक्ति ३० रुपैयाँ जम्मा गर्छन् । "पहिला एक हजारको एकमुरी ब्याज दिनुपर्थ्यो, धान दिए पनि, कोदो दिए पनि । पैसा तिरे वर्षको सय रुपैयाँको ब्याज मात्रै ६० तिर्नुपर्थ्यो, अहिले त वर्षको २४ रुपैयाँमा ऋण लिन्छौं", पद्म भन्छिन्( "एकपल्ट ऋण लिएर गाई किनेको, ऋण पनि तिरिसकें, गाई पनि आफ्नो भयो ।" आफूले तिरेको ब्याजबाट भएको नाफा आफूले पनि पाउने कुराले पनि उनी दङ्ग छिन् । यसअघि पाँच हजार पाँच सय रुपैयाँसम्म ऋण पाउने उनी अब दश हजारसम्म पाउने भएकी छन् ।

श्रीमती सदस्य भएको सहकारीबाट ऋण लिएर जयश्वर राईले खुद्रा पसल गरेका छन् भने कालीबहादुर राईले पनि जाल्पामा किराना पसल चलाएका छन् । विष्णुकुमारी श्रेष्ठ, माइली तामाङले जाल्पामै होटल चलाएका छन् । सहकारीबाट दुई हजार ऋण लिएर किनेको पाडी अहिले भैंसी भइसकेको खुसियाली पनि रुन्ची तामाङले संगालेकी थिइन् ।

तर, रामबहादुर श्रेष्ठकी श्रीमतीले दुई हजार पाँच सय रुपैयाँ ऋण लिएर किनेका बाखा १५(२० दिनमै मरेपछि उनलाई उल्टै ऋण लागेको छ । ऋण लिएर किनेको पशु मरेमा त्यसको सुरक्षाको निम्ति बिमाको व्यवस्था नगरिएकाले उनले क्षतिपूर्ति पाउन सकिनन् । सहकारीका व्यवस्थापक अम्बिका राई आवश्यक तालिमको अभावमा सहकारीलाई व्यवस्थित बनाउन नसकिएको बताउँदै भन्छिन्( "हामीले लेखा व्यवस्थित गर्न नसकेको कारण संस्था कति सफल छ भनेर तुरुन्तै हेर्नसक्ने अवस्थासमेत छैन ।"

निरक्षर महिलाले चलाएको सो सहकारीमा अहिले जम्मा ३६ वटा समूह छन् । यसको बचत संकलन गर्न खार्मी र हौंचुरमा महिनाको तीन दिन अस्थायी काउन्टर राखिन्छ । महिला मात्रले सञ्चालन गरेको सो सहकारीमा अहिले पुरुषहरूसमेत सदस्य बन्न थालेका छन् । हाल ३६ समूहमध्ये ३२ वटा महिलाहरूको समूह छ भने तीनवटा पुरुषहरूको । एउटा समूह महिला र पुरुषको संयुक्त । महिला समूहमा पनि तीनवटा त पूर्ण रूपमा दलितहरूको छ । प्रतिमहिना ४० हजार रुपैयाँ बचत संकलन हुने गरेको उक्त सहकारीले अहिले आफ्नै दुईतले भवनसमेत बनाउँदैछ । जसको लागत चार लाख लाग्ने अनुमान गरेको छ ।